

भारतको ८० औं स्वतन्त्र दिवस

सत्येन्द्रलाल कर्ण
lalsatyendra1959@gmail.com

**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९

जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८
सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता
राष्ट्रिय दैनिक
# पूर्वसन्देश
PURBA SANDESH NATIONAL DAILY
purbasandesh.com

ठुलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

**झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

दमक :
**देवीप्रसाद सिटौला**
(९८४२७६०२६५/९८२४९७९१८५)



बिर्तामोड:
**राजकुमार श्रेष्ठ**
९८०६०१०४१०

❑ वर्ष-२१ ❑ अंक - २१४ ❑ २०८३ भाद्र ०२ गते मंगलबार ❑ Tuesday, 18 Aug. 2026 ❑ मूल्य ७ /-

### प्रदेश सरकार पुनर्गठनले तिव्रता पाउँदै

# कोशीमा ११ सदस्यीय नयाँ मन्त्रिमण्डल

पूर्वसन्देश समाचार




**दमक/** कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले प्रदेश सरकारको मन्त्रिपरिषद् पुनर्गठन गर्दै मन्त्रीहरुको जिम्मेवारी बाँडफाट गरेका छन् । २०८१ वैशाख २७ गते गठन भएको मौजुदा मन्त्रिपरिषद्लाई विस्तार र परिमार्जन गर्दै मुख्यमन्त्री कार्कीले सोमबार नयाँ मन्त्री नियुक्ति र कार्यविभाजन गरेका हुन् ।

नयाँ कार्यविभाजन अनुसार मुख्यमन्त्री हिक्मतकुमार कार्कीले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र मन्त्री खिनु लङ्वा (लिम्बू) लाई पर्यटन, वन तथा वातावरण मन्त्रालयको जिम्मेवारी दिइएको छ । जीवन आचार्यले भौतिक पूर्वाधार विकास मन्त्रालयको कार्यभार सम्हाल्ने भएका छन् ।

त्यसैगरी तिलचन पाठकलाई खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्रालय र इन्द्रमणि पराजुलीलाई स्वास्थ्य मन्त्रालयको जिम्मेवारी तोकिएको छ ।

सरकारको अन्य महत्वपूर्ण मन्त्रालयहरुमध्ये गोम्बु शेर्पाले आन्तरिक मामिला तथा कानून, विदुर कुमार लिङ्थेपले आर्थिक मामिला तथा योजना र रामप्रसाद महतोले उद्योग, कृषि तथा सहकारी मन्त्रालयको जिम्मेवारी पाएका छन् ।

सामाजिक विकास मन्त्रालयको कार्यभार गीता तिम्सिनालाई सुम्पिएको छ । मन्त्रिपरिषमा दुई जना राज्यमन्त्रीलाई पनि सहभागी गराइएको छ । जसमा उमाकान्त गौतमलाई स्वास्थ्य र सपना दर्जीलाई भौतिक पूर्वाधार विकास राज्यमन्त्रीको जिम्मेवारी दिइएको छ ।

नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले कोशी प्रदेश सरकारमा जाने चार जना मन्त्री र एक जना राज्यमन्त्रीको नाम टुंग्याएसँगै मन्त्रालयको बाडफाँड सकिएको हो । नेकपाबाट मन्त्री हुनेमा इलामकी खिनु लङ्वा लिम्बू, मोरङका जीवन आचार्य, गीता तिम्सिना, सोलुखुम्बुका गोम्बु शेर्पा र राज्यमन्त्रीमा सुनसरीकी सपना दर्जी रहेका छन् । नेकपाबाट सरकारको नेतृत्व खिनु लङ्वा लिम्बूले गरेकी छिन् ।

नेकपाबाट मन्त्रालयमा जाने नाम पार्टीका कोशी इन्चार्ज राजेन्द्र राई, दलका नेता इन्द्रबहादुर आङ्बो र संयोजक हर्क नेम्वाङको संयुक्त बैठकले टुंगो लगाएको हो ।

योसँगै कोशीमा एमालेको भागमा मुख्यमन्त्रीसहित आर्थिक मामिला तथा योजना, खानेपानी तथा सिँचाइ, स्वास्थ्य र कृषि मन्त्रालय रहेका छन् । नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टीबिच साउन ९ गते भएको तीन बुँदे सहमति अनुसार कोशी प्रदेश सरकार विस्तार भएको हो । एमाले र नेकपा सहमति भएसँगै नेपाली

बाँकी ४ पेजमा ▸▸

## भारतीय सेना प्रमुखलाई महारथीको दर्जा

**दमक/** राष्ट्रपति रामचन्द्र पौडेलले भारतीय सेना प्रमुख धिरज सेठलाई नेपाली सेनाको मानार्थ महारथीको दर्जा प्रदान गरेका छन् । सोमबार राष्ट्रपति भवन शीतल निवासमा आयोजित विशेष समारोहमा सेनापति सेठलाई राष्ट्रपति पौडेलले मानार्थ महारथीको दर्जा प्रदान गरेका हुन् ।

नेपाल र भारतबीच सन् १९५० देखि एक-अर्को देशका सेना प्रमुखलाई मानार्थ महारथीको दर्जा प्रदान गर्ने परम्पराअनुसार सेठलाई सो सम्मान गरिएको हो । तीन दिने नेपाल भ्रमणका लागि सेठ आइतबार अपरान्ह नेपाल आइपुगेका हुन् ।

## नगद चोरी गर्ने पक्राउ

**फुङलिङ/** ताप्लेजुङमा चोरी गर्ने एक युवक पक्राउ परेका छन् । फुङलिङ नगरपालिका -४ तोक्मेडाँडास्थित बसपार्कमा रहेको मेवा ताप्लेजुङ यातायात सेवा प्रालिको काउन्टर तोडफोड गरी नगद तथा विभिन्न सामान चोरी गर्ने सो युवक पक्राउ परेका हुन् । पक्राउ पर्नेमा झापाको भद्रपुर नगरपालिका -४ का १९ वर्षीय इन्सान लिम्बु रहेको प्रहरी निरीक्षक तथा सूचना अधिकारी बिन्देश्वर यादवले जानकारी दिए । उनका अनुसार लिम्बूले काउन्टरबाट नगद ६० हजार रुपियाँ, एटिएम कार्ड, हेल्मेट लगायतका सामान चोरी गरेका थिए ।

# सभामुख अर्याल संसदमा कडा बन्दै



दमक । सरकारलाई सामान्य रूलिङसमेत गर्न नसकेको भन्दै आलोचित हुँदै आएका सभामुख डोलप्रसाद अर्याल सोमबारको प्रतिनिधिसभा बैठकमा भने सत्तापक्षसँग समेत कडारुपमा प्रस्तुत भएका छन् । उनले प्रधानमन्त्री वालेन्द्र शाहलाई संसदमा उपस्थित भएर सांसदका प्रश्नको जवाफ दिन निर्देशन दिनुका साथै सत्तापक्षकै सांसदलाई बैठकमा रोकेका छन् ।

बैठक सुरु हुनासाथ प्रतिपक्षी सांसदहरूले उठेर विरोध जनाएपछि सभामुख अर्यालले उनीहरूले उठाउँदै आएको विषयमा आफ्नो ध्यानाकर्षण भएको जनाउँदै प्रधानमन्त्री शाहलाई संसदमा उपस्थित भएर जवाफ दिन रूलिङ गरे । सभामुखले प्रतिनिधिसभा नियमावलीका

बाँकी ४ पेजमा ▸▸

# कांग्रेस इतर पक्षले गरेको निर्णय संस्थापनलाई अमान्य



दमक । नेपाली कांग्रेसका सभापति गगन थापाले इतर पक्षले गरेको भेलाका निर्णयलाई पार्टीको आधिकारिक निर्णय मान्न नसकिने बताएका छन् । केन्द्रीय कार्यसमितिको बैठकमा बोल्दै थापाले पार्टीको विधानअनुसार महासमिति, महाधिवेशन, विशेष महाधिवेशन तथा आम निर्वाचनमा प्रस्तुत हुने घोषणापत्रबाट पारित विषय मात्रै पार्टीका आधिकारिक निर्णय हुने स्पष्ट पारे ।

बाँकी ४ पेजमा ▸▸

## साहित्यकार श्रेष्ठको निधन



**दमक/** नेपाल भाषाका जनकवि तथा वरिष्ठ साहित्यकार दुर्गालाल श्रेष्ठको आइतबार राति निधन भएको छ । ९३ वर्षीय श्रेष्ठको बूढानीलकण्ठस्थित आफ्नै निवासमा निधन भएको हो । उनी पछिल्लो समय लामो समयदेखि बिरामी थिए । विगत ६ दशकदेखि साहित्य सिर्जनामा निरन्तर सक्रिय श्रेष्ठले नेपाल भाषाका साथै नेपालीमा पनि कविता, गीतलगायत विभिन्न विधामा कलम चलाउनुभएको थियो ।

बाँकी ४ पेजमा ▸▸

## ३ अर्ब ७७ करोड वैदेशिक लगानी स्वीकृत

**दमक/** आर्थिक वर्ष २०८३/८४ को पहिलो महिना साउनमा नेपालमा ३ अर्ब ७७ करोड २८ लाख ८४ हजार रुपैयाँ बराबरको वैदेशिक लगानी प्रतिबद्धता आएको छ। उद्योग विभागको वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण शाखाले सार्वजनिक गरेको मासिक प्रतिवेदन अनुसार यस अवधिमा कुल १९१ वटा आयोजनाका लागि उक्त लगानी स्वीकृत भएको हो।

यस महिना स्वीकृत भएका कुल आयोजनामध्ये १८७ वटा स्वचालित मार्ग मार्फत आएका छन् जसको लगानी प्रतिबद्धता ३ अर्ब ४७ करोड ३४ लाख ८४ हजार रुपैयाँ रहेको छ। बाँकी ४ वटा आयोजना स्वीकृत प्रक्रियाबाट आएका हुन् जसको प्रतिबद्धता २९ करोड ९४ लाख रुपैयाँ रहेको छ।

यी प्रस्तावित उद्योगहरूबाट १ हजार ७७३ जनालाई रोजगारी दिने लक्ष्य राखिएको छ। लगानीको वर्गीकरण अनुसार साउन महिनामा साना उद्योगमा अत्यधिक आकर्षण देखिएको छ। विभागका अनुसार कुल १९१ आयोजना मध्ये १८८ वटा साना उद्योग, २ वटा मझौला उद्योग र १ वटा ठूलो उद्योग रहेका छन्।

लगानीको परिमाणका आधारमा पर्यटन क्षेत्र सबैभन्दा अगाडि देखिएको छ, जहाँ ३३ वटा आयोजना मार्फत १ अर्ब ६३ करोड ७८ लाख ५० हजार रुपैयाँ (कुल लगानीको ४३ प्रतिशत) प्रतिबद्धता आएको छ। यस्तै, संख्यात्मक आधारमा सूचना तथा प्रविधि क्षेत्रमा सबैभन्दा धेरै १२८ वटा आयोजनामा ५६ करोड ९८ लाख ३४ हजार रुपैयाँ लगानी प्रस्ताव गरिएको छ।

# युवा विदेशिएपछि धान खेती सम्हाल्दै महिला



*__सुनसरी/__ युवा पुरूषहरू वैदेशिक रोजगारीमा गएपछि सुनसरीमा खेती गर्न महिलाहरू अग्रसर हुनु बाध्यता जस्तै भएको छ । युवाको संख्या विदेशिँदा कृषि कर्ममा अधिकाशं महिलाहरू नै सकृय रहेका इनरूवा नगरपालिक-९ बबियाका किसान जसलाल यादवले बताए । सुनसरीको कृषि महिलाले धान्दै आएको कृषिको अधिकांश काम महिलाले गर्दै आएको अर्का किसान सियाराम यादवले बताए । धान रोपाई गर्ने देखी धान गोड्ने र काटने भित्रियाउने सम्मको काममा मजदुरको रूपमा काम गर्ने महिलाहरू रहेका छन् ।*

बाँकी ४ पेजमा ▸▸

**दमक बहुमुखी सहकारी संस्था लिमिटेड** दमक-१, झापाको

**२४ औं** बार्षिक साधारण सभा *तथा* निर्वाचन सम्बन्धी सूचना

यस संस्थाको बार्षिक साधारण सभा प्रत्येक बर्ष भाद्र १६ गने हुने गरेको बारे स्मरण गराउँदै आगामी **२४ औं बार्षिक साधारण सभा** तपसिलमा उल्लेखित मिति, समय र स्थानमा हुने भएको हुँदा सम्पूर्ण शेयर सदस्य महानुभावहरुमा अनिवार्य उपस्थितीको निम्ति हार्दिक अनुरोध गर्दै २४ औं साधारण सभासँगै मौजुदा कार्य समितिको कार्यकाल समाप्त भई नयाँ सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिको चयन गर्नुपर्ने भएको हुनाले निम्नानुसार निर्वाचन कार्य तालिका प्रकाशन गरिएको ब्यहोरा जानकारीका लागि अनुरोध गरिन्छ ।

तपसिल:

सभा हुने मिति: २०८३ साल भाद्र १६ गते, मंगलबार समय: विहान १० बजे देखि
स्थान: कस्मिक पार्टी प्यालेस, दमक-८, झापा

**निर्वाचन कार्यक्रम तालिका :**

| सिन | विवरण | मिति | समय |
|---|---|---|---|
| १ | मतदाताको पहिलो नामावली प्रकाशन | २०८३/०५/११ | विहान ११ बजे |
| २ | मतदाता नामावली उपर दावी विरोध | २०८३/०५/१२ | ११.०० देखि ४.०० बजे |
| ३ | मतदाताको अन्तिम नामावली प्रकाशन | २०८३/०५/१२ | ४.०० बजे |
| ४ | उम्मेदवारको मनोनयन दर्ता | २०८३/०५/१३ | ११.०० देखि १.०० बजे |
| ५ | उम्मेदवारको पहिलो नामावली प्रकाशन | २०८३/०५/१३ | १.३० बजे |
| ६ | उम्मेदवार उपर दावी विरोध | २०८३/०५/१३ | १.३० देखि ३.०० बजे |
| ७ | दावी विरोध उपर छानविन/उम्मेदवारी फिर्ता | २०८३/०५/१३ | ५.०० देखि ६.०० बजे |
| ८ | उम्मेदवारको अन्तिम नामावली प्रकाशन | २०८३/०५/१३ | ६.०० बजे |
| ९ | प्रचार प्रसार कार्यक्रम | २०८३/०५/१४ | १ दिन |
| १० | मौन अवधि | २०८३/०५/१५ | १ दिन |
| ११ | मतदान | २०८३/०५/१६ | साधारण सभा बन्द सत्रमा |
| १२ | मतगणना | २०८३/०५/१६ | मतदान समाप्त भएपछि |
| १३ | निर्वाचन परिणामको घोषणा | २०८३/०५/१६ | मतगणना समाप्त भएपछि |

नोट : १) भदौ १६ गतेको वाहेक निर्वाचन सम्बन्धि सम्पूर्ण कार्यक्रमहरु संस्थाको कार्यालयमा सम्पन्न गरिनेछ ।
२) साधारण सभामा उपस्थित हुँदा शेयर प्रमाण-पत्र अनिवार्य लिएर आउनुपर्नेछ ।
३) विस्तृत जानकारी संस्थाको सूचना पाटीमा टाँस गरिनेछ ।

सञ्चालक समिति/निर्वाचन समिति
**दमक बहुमुखी सहकारी संस्था लि.**
दमक-१, झापा

बाँकी ४ पेजमा ▸▸

# सम्पादकीय

## सर्पदंशको बढ्दो जोखिम

वर्षायाम सुरू भएर पानी रोकिएसँगै तराई तथा पहाडी जिल्लाहरुमा सर्पदंशका घटनाहरुले गम्भीर रुप लिन थालेका छन् । झापाको दमकलगायत पूर्वी नेपालका विभिन्न पालिकामा सर्पको डसाइबाट बिरामी पर्नेहरुको संख्या तीव्र रुपमा बढेको छ । राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको तथ्यांक अनुसार पनि मुलुकभर सर्पदंशबाट ज्यान गुमाउनेहरुको संख्या चिन्ताजनक ढंगले बढ्दै गएको छ । यसले बर्सेनि सयौँ नागरिकको ज्यान जोखिममा पार्ने यो समस्याप्रति राज्य र स्वास्थ्य निकायको गम्भीर ध्यानाकर्षण गराएको छ ।

हालै झापाको अर्जुनधारामा भएको २० वर्षीय युवक विनोद लिम्बूको अकाल मृत्युले हाम्रो स्वास्थ्य सेवा प्रणालीको ठूलो कमजोर ीलाई छताछुल्ल पारेको छ । समयमै उपचार केन्द्र पुऱ्याइए पनि भेन्टिलेटर र आइसियू सुविधाको अभावमा उनले ज्यान गुमाउनु पर्यो । यो घटना केवल एक व्यक्तिको क्षति मात्र होइन, बल्कि स्थानीय तहमा सञ्चालित सर्पदंश उपचार केन्द्रहरुको दयनीय अवस्थाको गतिलो उदाहरण हो । चारआली, दमकलगायतका क्षेत्रमा एन्टी स्नेक भेनमको उपलब्धता भए पनि गम्भीर प्रकृतिका बिर ामीलाई बचाउन आवश्यक पर्ने भेन्टिलेटर सेवाको ठूलो अभाव खट्किएको छ ।

यसैगरी, पहाडी जिल्लाहरुको अवस्था अझै दयनीय छ । खोटाङलगायतका पहाडी भेगमा सर्पदंशका बिरामी बढे पनि जिल्लामै उपचार नहुँदा बिरामीहरु अन्यत्रका ठूला केन्द्रहरुमा पुग्न बाध्य छन् । पछिल्लो समय जलवायु परिवर्तन र अन्य कारणले पहाडी क्षेत्रमा समेत राजगोमनजस्ता अति विषालु सर्पहरु पाइन थाल्नुले जोखिम झनै बढाएको छ । तर, स्थानीय स्तरमा प्राथमिक उपचार र विषविरोधी औषधिको पर्याप्त व्यवस्था नहुनु र दुर्गम क्षेत्रमा उपचार केन्द्र नहुँदा सामान्य उपचारका लागि पनि घण्टौँको यात्रा गर्नुपर्ने बाध्यता दुःखद छ ।

तसर्थ, सर्पदंशजस्तो संवेदनशीलता बोकेको आपत्कालीन समस्यालाई न्यूनीकरण गर्न सरकारले तत्काल ठोस कदम चाल्नुपर्ने बेला आएको छ । स्थानीय स्तरमा सञ्चालित सर्पदंश उपचार केन्द्रहरुमा भेन्टिलेटर, आइसियू तथा दक्ष जनशक्तिको अनिवार्य व्यवस्था गरिनुपर्छ, ताकि समयमै उपचार नपाएर कुनै पनि नागरिकले ज्यान गुमाउन नपरोस् ।

यसका साथै, एन्टी स्नेक भेनमको अभाव हुन नदिन सबै स्वास्थ्य केन्द्रहरुमा यसको पर्याप्त भण्डारण सुनिश्चित गर्नुका साथै पहाडी जिल्लाहरुमा पनि सर्पदंश उपचार सेवा सहज बनाइनुपर्छ । सर्पको बासस्थान, सुरक्षात्मक उपाय र सर्पले टोकी हालेमा अपनाउनुपर्ने सावधानीबारे स्थानीय स्तरमा व्यापक जनचेतना फैलाउनु पनि उत्तिकै जरूरी छ ।

## निःशुल्क दन्त शिविर

ताप्लेजुङ/ आठराई त्रिवेणी गाउँपालिकामा सम्पन्न भएको निःशुल्क दन्त शिविरबाट दुईसय ५६ जना नागरिक लाभान्वित भएका छन् । डा. शशांक ताम्राकारको नेतृत्वमा सञ्चालन भएको निःशुल्क शिविरमा ताप्लेजुङ, पाँचथर र तेह्रथुमका गरी तीन जिल्लाका नागरिक लाभान्वित भएका हुन् ।

स्थानीय खगेन्द्र पोमु लिम्बूकी स्वर्गीय पत्नी सुन्दरी तुम्बाहाङ्फे पोमुको स्मृतिमा उहाँकी जेठी छोरी कविता (नुमा) पोमु लिम्बूको आयोजना तथा व्यवस्थापनमा सञ्चालन गरिएको शिविरमा आठराई त्रिवेणी गाउँपालिकाको निगुरादिन, फुलबारी, हाङपाङ, पाँचथरको आङबुङ, माझगाउँ तेह्रथुमको ह्वाकुका नागरिकले सेवा लिएको स्थानीय नवीन पोमु लिम्बूले जानकारी दिए ।

### सामाजिक सञ्जाल

## बालेन सरकार कामचलाउ मात्रै हो



**डा. शशांक कोइराला, कांग्रेस नेता**

नेपाली कांग्रेसका नेता डा. शशांक कोइरालाले वालेन्द्र शाह (बालेन) नेतृत्वको वर्तमान सरकारले कुनै ठोस र जनपक्षीय काम गर्न नसकेको टिप्पणी गरेका छन् ।

कांग्रेसको संस्थापन इतर पक्षको राष्ट्रिय भेलाका क्रममा सञ्चारकर्मीसँग कुराकानी गर्दै नेता कोइरालाले सरकारको कार्यशैलीप्रति असन्तुष्टि व्यक्त गरे। बहुमतको समर्थन प्राप्त भए पनि सरकारले हालसम्म कुनै नयाँ नीति तथा कार्यक्रम ल्याउन नसकेको उनको भनाइ थियो ।

'यो मलाई लाग्छ, साधारण सरकार हो, यो कामचलाउ सरकार मात्रै हो । उनीहरूको बहुमत त छ, तर कुनै ठोस कुनै राम्रो काम गरेको मलाई लाग्दैन, उनले भने । नयाँ कुनै नीतिहरु त ल्याएको छैन, डा. कोइरालाले भने ।

यो सरकार टिक्ने नटिक्ने विषयमा पनि सञ्चारकर्मीले प्रश्न सोधेका थिए । यो पाँच वर्ष टिक्ला कि मध्यावधिमा जाने सम्भावना रहन्छ भन्ने प्रश्नमा डा. कोइरालाले भने, 'सम्भावना त किन रहँदैन, भइहाल्छ नि ।' डा. कोइरालाकै नेतृत्वमा राष्ट्रिय भेला आयोजना गरिएको हो । शुक्रबार सुरू भएको भेला आइतबारसम्म चलेको थियो ।


### भूल सुधार

मिति २०८३/०४/२० गतेको यस दैनिक पत्रिकामा प्रकाशित धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धि १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचनामा शिलबन्दी बोलपत्र खोल्ने मिति २०८३/०५/०४ गते बिहिबार हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

PRiME COMMERCIAL BANK LTD. प्राइम कमर्सियल बैंक लिमिटेड


# भारतको ८० औं स्वतन्त्र दिवस



सत्येन्द्रलाल कर्ण
lalsatyendra1959@gmail.com

**भारत विभाजनताका कश्मिर एउटा स्वतन्त्र र अविभाज्य मुलुकको रूपमा रहेको थियो । तर भारत विभाजन पश्चात पाकिस्तानका इस्लामिक छापामार कबायली समूहहरूले कश्मिरमाथि आक्रमण गरेको थियो र कश्मिरका महाराज हरिसिंहले कश्मिरलाई पाकिस्तानबाट जोगाउन धौधौ परिरहेको अवस्थामा महाराज हरि सिंहले कश्मिरलाई भारतमा विलय गराई भारतसँग कश्मिरको सुरक्षाको लागि सम्झौता गर्नुपरेको थियो ।**

भारतले १५ अगस्त सन् २०२६ का दिनलाई भारतको ८० औं स्वतन्त्रता दिवसको रूपमा मनाइरहेको छ । भारतले आफ्नो स्वतन्त्रता दिवस मनाइरहेकै सेरोफेरोमा १४ अगस्तका दिनलाई भारत विभाजन विभिषिका दिवसको रूपमा मनाइरहेको सन्दर्भ र त्यससँग जोडिएका घटनाक्रमहरूले यस क्षेत्रमै व्यापक पार्दै लगेको मनो सामाजिक आघात र दुष्प्रभावहरूको बारेमा स्मरण गर्ने दिनको रूपमा पनि मनाउने गरिएको छ ।

ब्रिटिस भारतलाई अङ्ग्रेजहरूले छोडेर जाँदा भारतलाई दुई टुक्रा बनाएर भारत र पाकिस्तान नाम गरेको देश मात्रै बनाएनन् । यसले भारतको हिन्दू मुस्लिम समुदाय बीच पनि ठूलो खाडल अविश्वास र शत्रुताको बीजारोपण गरेर यस भारतीय उपमहाद्वीप क्षेत्रलाई नै धार्मिक सामाजिक र जातीय द्वन्द्व ,उत्पीडन र संघर्षको युद्ध मैदानको रूपमा परिणत गर्ने अवसर प्रदान गर्यो ।

धार्मिक आधारमा पाकिस्तान मुस्लिम देशको रूपमा रूपान्तरण हुँदै गयो भने भारतले धार्मिक मामिलामा तटस्थताको नीति अंगकार गर्ने गरी भारतको धर्मनिरपेक्ष सामाजिक संरचनालाई बलियो बनाउने गरी संस्थाहरूको निर्माण गर्न थाले । भारत विभाजनपछि पनि भारतभरि नै कैयौं पटक सनातन हिन्दु धर्मावलम्बी र इस्लामिक कट्टरवादी समूहहरूबीच हिंसात्मक झडपहरु तथा दंगा फसादहरु समेत व्यहोर्दै भारत आजको वर्तमान अवस्थामा आइपुगेको छ । भारत स्वतन्त्र भएको ८० वर्ष बितिसक्दा पनि भारतमा धार्मिक र नस्लीय विवादहरु प्रायजसो भइरहन्छ र जनतालाई आफ्ना नागरिक अधिकार तथा मानव अधिकारहरु पनि प्रयोग गर्न सकस पर्ने गर्दछ । भारतका तत्कालीन ब्रिटिस गवर्नर जनरल लर्ड माउन्ट बेटनका अगाडि मुस्लिम लिगका संस्थापक नेता मोहम्मद अलि जिन्नाले धार्मिक आधारमा पेश गरेको भारत विभाजनको फर्मुलालाई महात्मा गान्धीले समेत समर्थन गरेपछि सन् १४ अगस्त सन १९४७ मा स्वतन्त्र देशको रूपमा पाकिस्तान नाम गरेको नयाँ मुलुकको जन्म हुन गएको थियो । भारतका विभिन्न भागहरूमा बसोबास गरिरहेका मुस्लिम धर्मावलम्बीहरु पाकिस्तानतिर पलायन गरेका थिए भने पाकिस्तानी भूभागमा परापूर्व कालदेखि बस्दै आइरहेका हिन्दु शिख र जैन धर्मावलम्बीहरूले पाकिस्तानतिरबाट पलायन गरी भारततिर बसाई सर्नु परेको थियो । तर बसाई सर्नु मात्र भारतीय तथा पाकिस्तानीहरूको एकमात्र समस्या थिएन । एकातिर सम्पूर्ण भारत लगायत पाकिस्तान क्षेत्रमा जनताहरु अङ्ग्रेजहरूको दासता र गुलामीबाट स्वतन्त्रता प्राप्त गरेको उपलक्ष्यमा खुसियाली र आनन्द मनाइरहेका थिए भने अर्कोतिर हजारौं लाखौं हिन्दु बौद्ध तथा सिखहरूको पाकिस्तानी भूभागमा कत्लेआम गरी व्यापक हिंसा र लुटपाट तथा विध्वंस मचाइएको थियो भने भारततिरबाट पनि पाकिस्तान जाने मुस्लिम धर्मावलम्बीहरूले आफ्ना पुर्ख्यौली थातथैली छोडेर पाकिस्तानको नयाँ बस्तीतिर बसाई सरेर जाँदा ठूलो हिंसा बेहोर्नु परेको थियो ।

भारत र पाकिस्तानको विभाजन हुँदा बढीमा दुई लाख हिन्दू र मुसलमानहरूको हत्या गरिएको थियो । भारत र पाकिस्तानको विभाजनपछि पनि भारत छोडेर पाकिस्तान जान नचाहने मुस्लिम धर्मावलम्बीहरूलाई भारत सरकारले पुरै अधिकार सहित सुरक्षा र सम्मान प्रदान गर्यो भने पाकिस्तानतिर बसोबास गरिरहेका हिन्दू बौद्ध र शिख समुदायका मानिसहरूले आफ्नो धार्मिक सांस्कृतिक अस्तित्व समेत जोगाउन धौधौ परिरहेको कुरा पनि आजको यथार्थ हो। पाकिस्तानबाट छुट्टिएर सन् १९७१ मा बङ्गलादेश नाम गरेको नयाँ देश को पनि जन्म भइसकेको छ ।

बाङ्लादेशमा पनि त्यहाँ रहेका अल्पसंख्यक हिन्दू बौद्ध र शिख समुदायहरु माथि प्रायजसो हमलाहरू भइरहन्छ र संकटको बादल मडारि नै रहन्छ । बाङ्लादेश र पाकिस्तानमा समेत हिन्दुहरूले सम्मानपूर्वक बाँच्ने अवस्था पाउन मुस्किलै पर्ने गर्दछ, भने भारततिर सबै जातजाति धर्म र क्षेत्रका मानिसहरूले समान रूपमा वैधानिक अधिकारहरूको प्राप्ति गरेका छन् तर पनि बेलाबेलामा नस्लिय र धार्मिक चरित्रहरु दंगा फसाद र घृणा फैलाउने राजनैतिक शैलीको रुपमा प्रयोग गर्ने गरिएको छ जसले गर्दा भारतमा पनि हिन्दु र मुस्लिम संस्कृतिबीच टकरावहरु साम्य पार्न सरकारलाई पनि कठिन पर्ने गर्दछ । भारतमा धार्मिक असहिष्णुता कै आधारमा पनि पाकिस्तानतिरबाट प्रेरित आतंकवादी घटनाहरु भारतमा प्रायोजित रूपमा घटाउने गरिन्छ र भारत सरकारलाई यस्ता घटनाहरूलाई निर्मूल पार्न निकै चुनौतीपूर्ण कार्य पनि हुने गरेको देखिन्छ । भारत र पाकिस्तान विभाजनकै सन्दर्भमा कश्मिरको अवस्थालाई पनि लिन सकिन्छ ।

भारत विभाजनताका कश्मिर एउटा स्वतन्त्र र अविभाज्य मुलुकको रूपमा रहेको थियो । तर भारत विभाजन पश्चात पाकिस्तानका इस्लामिक छापामार कबायली समूहहरूले कश्मिरमाथि आक्रमण गरेको थियो र कश्मिरका महाराज हरिसिंहले कश्मिरलाई पाकिस्तानबाट जोगाउन धौधौ परिरहेको अवस्थामा महाराज हरि सिंहले कश्मिरलाई भारतमा विलय गराई भारतसँग कश्मिरको सुरक्षाको लागि सम्झौता गर्नुपरेको थियो ।

कश्मिरको भारतमा बिलयपछि भारतीय सेना र पाकिस्तानी छापामार सेनाबीच ठूलो संघर्ष चर्केको थियो ।संयुक्त राष्ट्र संघको हस्तक्षेप पश्चात दुवै देशका सेनाले युद्धविराम गर्न सहमत भएका थिए । अहिले पनि पाकिस्तानको अधिनमा रहेको कश्मिरी भूभागलाई पाकिस्तान अधिकृत कश्मिर अर्थात् पिओके भनिन्छ भने भारततिर रहेको कश्मिरका बाँकी भूभागलाई जम्मु कश्मिर र लद्दाख भनेर नामाकरण गरिएको छ । तर यथार्थमा भारततिर रहेको जम्मु कश्मिरको भूभागहरूमा इस्लामिक विचारबाट प्रेरित आतंकवादी घटनाहरु प्रायजसो घटि नै रहन्छ । र यसको साथसाथै पाकिस्तान अधिकृत क्षेत्रहरूमा पनि बम बिस्फोट र आतंकवादी घटना हरु घटि नै रहेको पाइन्छ ।

पाकिस्तान अधिकृत कश्मिर क्षेत्रको ठूलो भूभाग पाकिस्तानका सैनिक सरकारले चीन सरकारलाई लिजमा दिएको छ, जसको विरोध स्थानीय जनताहरूले लगातार रूपमा गरिरहेका छन् । पाकिस्तान अधिकृत कश्मिर क्षेत्रमा चीनको उपस्थितिले पनि भारतलाई बेलाबेलामा टाउको दुखाईको कारण बन्ने गरेको छ र यस क्षेत्रमा शान्ति र सुव्यवस्था बहाल गर्ने कार्य निकै कठिन र चुनौतीपूर्ण भइरहेको छ । भारतमा स्थिर सरकार छ र स्थिर लोकतन्त्र छ ।

भारत विश्वको आर्थिक महाशक्ति राष्ट्रको रूपमा उभ्याउन आफूलाई सफल हुँदै गइरहेको छ । भारत एउटा आत्मनिर्भर देशको रूपमा अगाडि बढिरहेको हुनाले अन्तर्राष्ट्रिय स्तरमा ठूलो समर्थन र सम्मान प्राप्त भइरहेको छ भने पाकिस्तान परमाणु शक्ति सम्पन्न राष्ट्र भएर पनि आफ्नो देशको अर्थतन्त्रलाई दिनप्रतिदिन जर्जर र दयनीय बनाउँदै लगिरहेको छ । पाकिस्तानमा न त स्थिर सरकार छ न त स्थिर लोकतन्त्र नै छ ।

पाकिस्तान विश्वमा आतंकवाद निर्यात गर्ने देशको रूपमा कुख्यात भइसकेको छ । विश्वका सर्वाधिक चर्चित आतंकवादी बिन मोहम्मद लादेनलाई अमेरिकी सेनाहरूले पाकिस्तानमै लुकेर बसेको अवस्थामा घर घेरा हाली हत्या गरेको थियो । पाकिस्तानमा एक किसिमबाट अघोषित सैनिक शासन छ । त्यहाँ लोकतन्त्रको मुकुण्डो लगाएर त्यहाँका सेना प्रमुख जेनरल मुनिरले देशको शासनसत्ताको सञ्चालन गरिरहेको छ । चुनावबाट जितेका र सरकारमा हालीमुहाली गरिरहेका मन्त्रीहरु सेनाहरूको हातको कटपुतली सरह भइसकेको छ । पाकिस्तानका पूर्व प्रधानमन्त्री इमरान खान पाकिस्तानका सैनिक अदालतले दिएको आजीवन कारावासको सजायमा बन्दी जीवन बिताइरहेका छन् । यस्तो अवस्थामा पाकिस्तानभित्र लोकतन्त्र माथि सैनिकतन्त्रको अभ्यास निरन्तर रूपमा चलिरहेको छ भनेर प्रष्ट रूपमा बुझ्न सकिन्छ । बाङ्लादेशमा पनि भर्खर भर्खर निर्वाचनपछि एउटा निर्वाचित सरकारले काम गर्ने अवसर प्राप्त गरेको छ । तर बांगलादेशमा पनि त्यहाँका सरकारले लोकतन्त्रलाई पूर्णरूपमा बहाल गर्न सक्ने अवस्था देखिँदैन। बङ्लादेशमा पनि त्यहाँका अल्पसंख्यक हिन्दु बौद्ध र शिख समुदायहरूले ठूलो हिंसा र विध्वंस झेलेर आफ्नो जिउ धन र संस्कृति जोगाउन निरन्तर रूपमा संघर्ष गरिरहेको अवस्था छ ।

बङ्लादेशले सृजना गरेको रोहिङ्या मुस्लिम शरणार्थीहरुको समस्याले विश्वव्यापी समस्याको रूप धारण गर्दैछ । भारत विभाजन पूर्व नै अहिलेको बांगलादेशको भूभागबाट म्यानमारतिर बसाई सरेका बांगला भाषी मुस्लिमहरूलाई म्यानमारका सैनिक शासकहरूले विदेशी भनेर निकालेपछि तिनीहरूलाई बांगलादेशले पनि आफ्नो नागरिक समेत नमान्दा बंगलादेशी रोहिङ्या मुस्लिम शरणार्थीहरु अहिले भारत नेपाल बङ्लादेश म्यानमार लगायतका क्षेत्रहरूमा वैश्विक समस्याकै रूपमा देखा पर्न थालेका छन् । यस्ता खाले सबै समस्याहरु भारत विभाजन विभिषिका कै देन हो जसको स्थायी समाधान निकाल्नु जरूरी छ ।

# सट्टेबाजीको खातामा पैंतिस करोडभन्दा बढीको कारोबार

**गिरीको सम्पत्ति शुद्धीकरणको कसुरमा निजउपर रकम निज प्रतिवादीले निरन्तर रुपमा अनलाइन जुवा तथा सट्टेबाजीको कारोबारमा संलग्न रही आर्जन गरेको ९४ लाख १८ हजार ८७४ रूपियाँ बराबरको बिगो कायम गरिएको छ । झापा जिल्ला अदालतका न्यायाधीश पारसमणि पोखरेलको इजलासले गिरीलाई २० लाख धरौटीमा रिहा गर्न आदेश दिएको थियो । यस मुद्दामा वादी नेपाल सरकारले उच्च अदालत इलाममा मुद्दा दायर गर्ने झापाका सहायक जिल्ला न्यायाधिवक्ता कृष्णप्रसाद रिमालले बताए ।**

दमक/ पछिल्लो समय अनलाइन सट्टेबाजी प्रशासनको निगरानीमा पर्दै आएपनि निक्के ठूलो चुनौति बन्दै गएको झापा प्रहरीले बताएको छ । झापामा अनलाइन सट्टेबाजीमा संलग्न दुई प्रतिवादीको खाताबाट ३५ करोडभन्दा बढीको कारोबार भएको पाइएपछि थप चुनौति बढेको देखिएको हो ।

बिर्तामोड नगरपालिका-६ का ३६ वर्षीय भुवन मेचेको खाताबाट साढे २३ करोड र मेचीनगर नगरपालिका-१० का २७ वर्षीय विपिन गिरीको खाताबाट करिब १२ करोडको कारोबार भएको प्रहरीको अनुसन्धानबाट फेला परेको छ ।

मेचेको २५ वटाभन्दा बढी खाता भेटिएको छ । दुई वर्षको अवधिमा मेचेको ती खाताबाट १८ हजार ५०७ पटक कारोबार भएको प्रहरी अनुसन्धानले देखाएको छ । मेचेको साथबाट तीन थान सिमसहितका मोबाइल बरामद गरिएको थियो । मोबाइलमा प्रयोग भएका सिमहरु उनकै नाममा दर्ता रहेको छ । बरामद भएका मोबाइल खोली हेर्दा आइडी नं. १३६०८९७ मा चार लाख ३९ हजार ९९५ रूपियाँ ब्यालेन्स देखिएको थियो ।

त्यस्तै दुई करोड ९४ लाखको ट्रान्जिट लिमिट उनको मोबाइलको एपबाट देखिएको छ । मुभ क्यास भन्ने एपबाट पाँच करोड ९४ लाख ६२ हजार १४० रूपियाँ जम्मा भएको र छ करोड ६३ लाख २० हजार ५४० रूपियाँ उक्त खाताबाट निकालेको देखिएको छ ।

मोबाइलमा मेचेकी दिदी कविता मेचे नामको इमेल आइडी प्रयोग गरी प्रतिवादीले चलाई युजर आइडीबाट रकम जम्मा गर्ने र निकाल्ने गरेको देखिएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ । छ जनाको बैंक खाता प्रयोग गरी उनले रकम झिक्ने र जम्मा गर्ने गरेको देखिएको छ । मिलन लिम्बू, आयुष अधिकारी र समीर लिम्बूको बैंक खाता मेचेले प्रयोग गरेको देखिन आएको प्रहरीले जनाएको छ ।

उनले अर्काको बैंक खाता हायर गरेर चलाएको पाइएको छ । प्रहरी अनुसन्धानको प्रतिवेदन अनुसार दुई वर्षको अवधिमा १८ हजार ५०७ पटक मेचेको खातामा कारोबार भएको देखिएको छ ।

मेचे र गिरी सुरूमा अनलाइन सट्टेबाजीको एजेन्ट रहेकामा पछि मर्चेन्ट बनेका थिए । मेचेले बयानमा अनलाइन जुवा खेल्दा पाँच प्रतिशत र दुई प्रतिशत नाफाबापत रकम प्राप्त हुने गरेको बताएका थिए । उनले अनलाइन जुवा तथा अभौतिक मुद्रा (क्रिप्टो) को प्रयोग र कारोबार गरी घरजग्गामा लगानी गरेको दाबी गरिएको छ ।


मेचेलाई पुर्पुक्षका लागि झापा कारागार चलान गरिएको छ । थुनछेक बहसपछि झापा जिल्ला अदालतका न्यायाधीश नारायण रिमालको इजलासले सो आदेश दिएको हो । मेचेले अभौतिक नेटवर्कको प्रयोग गरी क्रिप्टोग्राफी माध्यमबाट सिर्जना गरिएका अवैध मुद्रा आफ्ना डिजिटल वालेटमा सञ्चय तथा कारोबार गरी आफू र आफ्नानिकट व्यक्तिको नाममा सम्पत्तिलाई वैध बनाउने उद्देश्यले घरजग्गा लगानी गर्ने गरेको पाइएको छ । कसुरमा बिगो मात्रै एक करोड पाँच लाख ३७ हजार ८३७ रूपियाँ कायम गरिएको छ ।

त्यस्तै विपिन गिरीको मोबाइलमा रहेको एपहरूमा लगइन भएका आइडी भेटिएको छ । जसमा विभिन्न आइडीमार्फत ५८ लाख ३५ हजार ६२८ रूपियाँ आर्जन गरेको देखिएको प्रहरी प्रतिवेदनमा उल्लेख छ । अवैध करोबार गरिरहेका दुवै जनाले देखावटी रूपमा आधिकारिक कम्पनी खोली आन्तरिक राजस्व कार्यालय भद्रपुरमा कर तिरिरहेको समेत पाइएको छ ।

विपिन गिरीले अनलाइन जुवा सट्टेबाजी कसुर अपराधमा संलग्न रही अवैध तरिकाले अकुत सम्पत्ति आर्जन गरी आफू तथा आफ्ना निकट व्यक्तिको बैंक तथा वित्तीय संस्थाका बैंक खाताहरूमा वैध बनाउने उद्देश्यले घर जग्गामा लगानी गर्ने गरेको पाइएको थियो । गिरीको सम्पत्ति शुद्धीकरणको कसुरमा निजउपर रकम निज प्रतिवादीले निरन्तर रूपमा अनलाइन जुवा तथा सट्टेबाजीको कारोबारमा संलग्न रही आर्जन गरेको ९४ लाख १८ हजार ८७४ रूपियाँ बराबरको बिगो कायम गरिएको छ । झापा जिल्ला अदालतका न्यायाधीश पारसमणि पोखरेलको इजलासले गिरीलाई २० लाख धरौटीमा रिहा गर्न आदेश दिएको थियो । यस मुद्दामा वादी नेपाल सरकारले उच्च अदालत इलाममा मुद्दा दायर गर्ने झापाका सहायक जिल्ला न्यायाधिवक्ता कृष्णप्रसाद रिमालले बताए ।

तीन महिनाअघि गिरीलाई बिर्तामोड-५ स्थित गो ६९ क्याफे र मेचेलाई बिर्तामोड-४ स्थित रेड हट चिल्लीबाट नियन्त्रणमा लिइएको थियो ।

# नागपञ्चमीको सन्देश के हो ?



दमक/ श्रावण शुक्ल पञ्चमीका अवसरमा सोमबार परम्पराअनुसार नागको पूजाअर्चना गरी नागपञ्चमी पर्व मनाइँएको छ । घरको मूलढोकामा विधिपूर्वक नागको फोटो टाँसेर पूजाआजा गरी नागपञ्चमी मनाइएको हो ।

यस वर्ष जेठमा अधिकमास परेका कारण सौरमास अनुसार भदौको पहिलो दिन यो पर्व परेको हो । घरको ढोकामा नागको तस्वीर टाँस्दा वर्षभरि नाग, सर्प र बिच्छीलगायतका जीवले दुःख नदिने र अग्नि, मेघ एवं चट्याङको भयबाट पनि बच्न सकिने धार्मिक विश्वास छ ।

नागपञ्चमीलाई केवल सर्पको पूजा गर्ने पर्वका रूपमा बुझ्दा यसको वास्तविक महत्व केही हदसम्म सीमित हुन्छ। यो पर्वले मानिस र प्रकृतिबीचको सम्बन्ध, धार्मिक आस्था, पौराणिक इतिहास र वातावरणीय चेतनालाई एकै ठाउँमा जोड्छ ।

सर्पलाई डर र घृणाको प्रतीक मात्र नबनाई प्रकृतिको सन्तुलनमा यसको भूमिका बुझ्नु पनि आवश्यक छ । त्यसैले नागपञ्चमीको धार्मिक परम्पराले आजको समयमा एउटा महत्वपूर्ण सन्देश दिन्छ—प्रकृतिमा रहेका हरेक जीवको आफ्नै भूमिका र महत्व हुन्छ, त्यसैले मानिसले प्रकृतिसँग सहअस्तित्व कायम गर्न सिक्नुपर्छ ।

यही कारण नागपञ्चमी पुस्तौँदेखि चलिआएको एउटा धार्मिक पर्व मात्र नभई नेपालको संस्कृति, प्रकृति र आध्यात्मिक विश्वासलाई जोड्ने जीवन्त परम्पराका रूपमा आज पनि उत्तिकै महत्वपूर्ण छ ।

नागपञ्चमीका दिन बिहानै स्नान गरी घरको मूलढोकामाथि नागको चित्र टाँस्ने चलन छ । कतिपय ठाउँमा नागको बासस्थान मानिने पोखरी, इनार वा अन्य स्थानमा पनि पूजा गरिन्छ । महिलाहरूले परिवारको सुख–शान्ति तथा दाजुभाइको स्वास्थ्य र दीर्घायुको कामना गर्दै पूजा गर्ने परम्परा पनि छ ।

यद्यपि वास्तविक सर्पलाई दूध खुवाउने चलन वैज्ञानिक रूपमा उपयुक्त मानिँदैन। त्यसैले धार्मिक आस्था कायम राख्दै सर्प तथा अन्य वन्यजन्तुको संरक्षण र सुरक्षित व्यवहारलाई प्राथमिकता दिनु आवश्यक छ ।

**अनन्तदेखि तक्षकसम्म, को–को हुन् प्रमुख नाग ?**

धार्मिक ग्रन्थमा विभिन्न नागहरूको उल्लेख पाइन्छ । अनन्त वा शेषनाग, वासुकी, कर्कोटक, कालिय र तक्षक प्रमुख नागका रूपमा चर्चित छन् । अनन्त वा शेषनागलाई अनन्त शक्ति र ब्रह्माण्डीय सन्तुलनसँग जोडिन्छ । वासुकी नागराजका रूपमा परिचित छन्। कालिय भगवान कृष्णसँग जोडिएका छन् भने तक्षक महाभारतमा राजा परीक्षितको मृत्युसँग सम्बन्धित छन् ।

## खानपिन–जीवन शैली

# खाली पेटमा लसुन खानुका पाँच फाइदा



दमक/ लसुन नेपाली भान्सामा नियमित रूपमा प्रयोग हुने मसला मात्र होइन, औषधीय गुणले भरिपूर्ण प्राकृतिक खाद्य पदार्थ पनि हो । लसुनमा पाइने एलिसिनलगायतका सक्रिय तत्वले शरीरलाई विभिन्न प्रकारका स्वास्थ्य लाभ पुऱ्याउन सक्ने विभिन्न अध्ययनहरूले देखाएका छन् । विशेषगरी बिहान खाली पेटमा लसुन सेवन गर्दा केही अतिरिक्त फाइदा हुने विश्वास गरिन्छ । यद्यपि यसको प्रभाव व्यक्तिअनुसार फरक हुन सक्छ ।

**१. रोग प्रतिरोधात्मक क्षमता बढाउन सहयोग**

लसुनमा एन्टिअक्सिडेन्ट र जीवाणुरोधी गुण हुन्छ । नियमित रूपमा सेवन गर्दा शरीरको रोगसँग लड्ने क्षमता मजबुत बनाउन सहयोग पुग्न सक्छ ।

**२. रक्तचाप नियन्त्रणमा सहयोग**

केही अनुसन्धानले लसुनले उच्च रक्तचाप भएका व्यक्तिमा रक्तचाप घटाउन सहयोग गर्न सक्ने देखाएका छन् । तर यसलाई औषधिको विकल्पका रूपमा प्रयोग गर्नु उचित हुँदैन ।

**३. मुटुको स्वास्थ्यमा लाभदायी**

लसुनले खराब कोलेस्ट्रोल कम गर्न र रक्तसञ्चार सुधार्न मद्दत गर्न सक्ने अध्ययनहरूले देखाएको छ । यसले मुटुसम्बन्धी रोगको जोखिम कम गर्न सहयोग पुग्न सक्छ ।

४. पाचन प्रणाली सुधार्न सहयोग

बिहान खाली पेटमा लसुन सेवन गर्दा पाचन प्रक्रियालाई सक्रिय बनाउन र आन्द्राको स्वास्थ्यमा सकारात्मक प्रभाव पार्न सक्ने विश्वास गरिन्छ ।

**५. एन्टिअक्सिडेन्टको राम्रो स्रोत**

लसुनमा रहेका एन्टिअक्सिडेन्टले शरीरका कोषिकालाई अक्सिडेटिभ क्षतिबाट जोगाउन मद्दत गर्न सक्छन्, जसले दीर्घकालीन स्वास्थ्यमा सकारात्मक प्रभाव पार्न सक्छ ।

**सावधानी आवश्यक**

खाली पेटमा लसुन खाँदा केही व्यक्तिमा पेट पोल्ने, ग्यास, अम्लपित्त वा वाकवाकी हुने समस्या देखिन सक्छ । रगत पातलो बनाउने औषधि सेवन गरिरहेका, शल्यक्रियाको तयारीमा रहेका वा विशेष स्वास्थ्य समस्या भएका व्यक्तिले नियमित रूपमा धेरै मात्रामा लसुन सेवन गर्नुअघि चिकित्सकको सल्लाह लिनु उचित हुन्छ ।

## पुस्तक–साभार

# सुवर्ण शमशेर

### निष्ठाको राजनीतिक यात्रा - अध्याय ५

## क्रान्तिको नेतृत्व

क्रमागत.....क्रान्तिको तयारीको लागि बी.पी. र सुवर्णको जोडीको आन्तरिक सक्रियता अत्यन्त दुत्तत्तर गतिमा अघि बढ्न थाल्यो । आवश्यक लडाकु युवाहरु सम्पर्कमा आए पछि र तत्कालको लागि सुवर्ण र महावीर शमशेरले आफ्नै खजानाबाट समेत रकम दिने भए पछि हातहतियार जुटाउने काम शुरु भएको थियो । भारतका विभिन्न ठाउँबाट गोप्य रूपमा केही हतियारहरु जम्मा भइरहेका थिए तर एउटा देशको सिङ्गो सैनिक शक्तिसँग लड्न थोरै र कमशल हतियारले मात्र संभव थिएन । त्यसैले भर्खरै बर्मामा गठन भएको नयाँ सरकारमा सामेल रहेको बर्मिज समाजवादी पार्टीका नेताहरूसँग बी.पी.को घनिष्ट सम्बन्ध रहेकाले उहाँकै आग्रहमा वर्माका समाजवादी पार्टीका अध्यक्ष एवं प्रतिरक्षामन्त्री उवास्त्रेले नेपाली क्रान्तिका लागि हतियार दिन तयार भए । यसबाट क्रान्तिकारीहरूको मनोवल सन् १९५० को यो सन्धि आजसम्म पनि विवादास्पद छ । नेपालका बामपन्थीहरूको भारत विरोधी दृष्टिकोण यही सन्धिको आधारलाई टेकेर उभिएको पाइन्छ । यो सन्धिको पालना गर्नु पर्दा औपचारिक रूपमा भारत सरकारले नेपाली क्रान्तिकारीहरूलाई आफ्नो भूमिमा गतिविधि गर्न दिनु सम्भव थिएन । त्यो कुरा नेपाली नेताहरूले बुझेकै कुरा थियो । साथै भारतीय गान्धीवादी नेताहरूको निकट रहेका मातृका, बी.पी. आदिहरूलाई उनीहरूको नैतिक सहयोग र सुझाव बारम्बार आवश्यक थियो । उनीहरूकै माध्यमबाट भारत सरकारसम्म विभिन्न सरसहयोगका लागि सम्वाद पनि भइरहेकै हुन्थ्यो । अर्कोतिर शान्तिपूर्ण आन्दोलनकै जगमा टेकेर त्यत्रो अंग्रेजी शासन ढालेको भारतीयहरूमा शान्तिपूर्ण आन्दोलनप्रति नै गर्व थियो । यही अभियान संसारभरि चलोस् भन्ने उनीहरूले सोच्नु स्वाभाविकै पनि थियो । सहयोगीहरूको मनोविज्ञानको कदर गर्दै आफ्नो आन्दोलनसमेत अघि बढाउनु पर्ने बाध्यताले गर्दा बाह्य रूपमा यस पार्टीको पहिचान शान्तिवादी थियो । तर मूर्ख र निरंकुश राणाहरूको जहानियाँ सत्ता सत्याग्रह र सामान्य नाराजुलुसले ढल्न सक्दैन भन्ने भित्रभित्रै सबैले बुझेकै कुरा थियो । त्यसैले भित्री रूपमा सशस्त्र क्रान्तिका लागि आवश्यक पर्ने वातावरण तयार गर्ने जिम्मा बी.पी. र सुवर्णका काँधमा थियो ।

क्रान्तिको तयारीको लागि बी.पी. र सुवर्णको जोडीको आन्तरिक सक्रियता अत्यन्त द्रुततत्तर गतिमा अघि बढ्न थाल्यो । आवश्यक लडाकु युवाहरु सम्पर्कमा आए पछि र तत्कालको लागि सुवर्ण र महावीर शमशेरले आफ्नै खजानाबाट समेत रकम दिने भए पछि हातहतियार जुटाउने काम शुरु भएको थियो । भारतका विभिन्न ठाउँबाट गोप्य रूपमा केही हतियारहरु जम्मा भइरहेका थिए तर एउटा देशको सिङ्गो सैनिक शक्तिसँग लड्न थोरै र कमशल हतियारले मात्र संभव थिएन । त्यसैले भर्खरै बर्मामा गठन भएको नयाँ सरकारमा सामेल रहेको बर्मिज समाजवादी पार्टीका नेताहरूसँग बी.पी. को घनिष्ट सम्बन्ध रहेकाले उहाँकै आग्रहमा वर्माका समाजवादी पार्टीका अध्यक्ष एवं प्रतिरक्षामन्त्री उवास्त्रेले नेपाली क्रान्तिका लागि हतियार दिन तयार भए । यसबाट क्रान्तिकारीहरूको मनोवल अत्यन्त उच्च भएको थियो । यता काश्मीरका मुख्यमन्त्री शेख अब्दुल्लाह पनि आवश्यक हतियार दिन तयार भए । क्रमशः.....

## जानकारी

# महान भनाईहरू

१, जमिनको टिप्न खोज्नु नराम्रो होइन, खोज्नुपर्छ तर जमिनको टिप्न खोज्दा पोल्टाको पोखिनु वा पोखिन दिनु चाहिँ हुँदैन ।

२, भारी त्यत्रै बोक्न खोज्नुपर्छ जति आफूमा बोक्न सक्ने क्षमता छ । अन्यथा भारीलाई होइन भारीले नै बोकिदिने अवस्था आउन सक्छ ।

३, भारी र भरिया हमेशा सँगै रहदै आएका छन् । भारीले भरिया बनाएको हुन्छ, भरियाले भारी बनाउँछ । भरिया छ त भारी पनि छ । भारी छ त भरिया पनि छ । जबतक भारी रहन्छ तबतक भरिया पनि रहन्छ अनि जबतक भरिया रहन्छ तबतक भारी पनि रहेकै हुन्छ ।

४, काम ठूलो र सानो भन्ने हुँदैन तर कामले ठूलो र सानो भने बनाउँछ ।

५, ठूलो र सानो भन्ने आँखाको भ्रम मात्र हो । वास्तवमा संसारमा ठूलो र सानो भन्ने नै हुँदैन । सबैको महत्व आ–आ ना स्थानमा उत्तिकै हुन्छ । हम्मरको स्थानमा हम्मर ठूलो, किलाको स्थानमा किला ठूलो । न हम्मरले गर्ने काम किलाले गर्न सक्छ न किलाले गर्ने काम हम्मरले गर्न सक्छ । कसलाई ठूलो भन्ने कसलाई सानो भन्ने । दुवै ठूलो, दुवै सानो, सारमा दुबै बराबरी ।

स्रोत :- विभिन्न पुस्तक तथा पत्रपत्रिका

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

## स्वास्थ्य

# भाइरल ज्वरो र मौसमी रुघाखोकी कसरी चिन्ने ?



दमक/ पछिल्लो केही दिनयता भाइरल ज्वरो र मौसमी रुघाखोकीका बिरामी बढ्न थालेका छन् । ज्वरो आउने, टाउको तथा हातखुट्टा दुख्ने र रुघाखोकी लाग्नेजस्ता लक्षणका बिरामी उपचारका लागि अस्पताल पुग्ने गरेका हुन् ।

मनसुनका कारण ज्वरो र रुघाखोकी लागेर अस्पताल तथा स्वास्थ्य संस्थाहरूमा पुग्ने बिरामीको संख्या बढ्दो क्रममा रहेको सरुवा रोग विशेषज्ञ डा. शेरबहादुर पुन बताउँछन् ।

उनका अनुसार मौसमी रुघाखोकी र भाइरल ज्वरो दुवै भाइरसका कारण हुन्छन्। मौसमी रुघाखोकीमा मुख्यतया नाकबाट पानी बग्ने, हाच्छ्युँ आउने र सामान्य वा हल्का ज्वरो आउँछ । भाइरल ज्वरोमा भने शरीर भारी हुने, कडा वा उच्च ज्वरो आउने, टाउको तथा हाडजोर्नी र मांसपेशी दुख्नेजस्ता लक्षणहरु बढी देखिन्छन् ।

मौसमी रुघाखोकी

नाक बन्द हुने वा बाक्लो सिँगान बग्ने ।

लगातार हाच्छ्युँ आउने ।

घाँटी खसखस हुने वा दुख्ने ।

हल्का वा सामान्य ज्वरो आउने ।

शरीरमा सामान्य थकान महसुस हुने ।

भाइरल ज्वरो

एक्कासि उच्च ज्वरो आउने ।

शरीर, जोर्नी र मांसपेशीहरु असाध्यै दुख्ने ।

कडा टाउको दुखाइ र चक्कर लाग्ने ।

खान मन नलाग्ने र बढी नै कमजोरी हुने ।

कतिपयलाई बान्ता हुने वा झाडापखाला लाग्नेजस्ता पेटसम्बन्धी समस्या देखिने ।

अपनाउने सामान्य सावधानी तथा उपायहरु

झोलिलो पदार्थः मनतातो पानी, सुप, कागती पानी र जुस प्रशस्त मात्रामा पिउने ।

आरामः शरीरलाई पूर्ण रूपमा आराम दिने ।

घरायसी उपचारः ज्वरो वा टाउको दुखेमा सिटामोल खान सकिन्छ। चिकित्सकको सल्लाहबिना अनावश्यक एन्टिबायोटिक प्रयोग गर्नु हुँदैन ।

खानपानः पोषिलो र ताजा खाना खाने ।

कहिले अस्पताल जाने ?

३ दिनभन्दा बढी समयसम्म लगातार उच्च ज्वरो नघटेमा ।

श्वास फेर्न गाह्रो भएमा वा छाती दुखेमा ।

असाध्यै बढी कमजोरी भई उठ्न नसक्ने भएमा तुरुन्त नजिकैको स्वास्थ्य संस्था वा अस्पतालमा सम्पर्क गर्ने ।

## मनोरञ्जन

# साउन चलचित्र क्षेत्रको फलिफापको महिना




काठमाडौं । साउन नेपाली फिल्मका लागि उत्साहजनक रह्यो । 'गौथली', 'कमला मिस', 'हली', 'शक्ति' र 'लज्जावती' गरी पाँच फिल्म प्रदर्शनमा आए । तीमध्ये 'गौथली'ले बक्स अफिसमा उल्लेखनीय सफलता हासिल गर्दै २१ करोडभन्दा बढी व्यापारसहित पाँचौं सातामा प्रदर्शनरत छ । 'कमला मिस', 'हली' र 'शक्ति'ले भने अपेक्षाअनुसार दर्शक तान्न सकेनन् । 'लज्जावती' भर्खरै प्रदर्शनमा आएकाले यसको व्यावसायिक परिणाम आउन बाँकी छ ।

साउनको तुलनामा भदौमा नेपाली फिल्मको चहलपहल अझ बढ्ने देखिन्छ । यो महिनामा 'मास्टर्नी', 'पार्वती', 'बाः एक योद्धा', 'ककाकिकी', 'बेहुली', 'पेन्सनपट्टा', 'अक्षरा' र 'माया भनेकै यस्तै होला' गरी आठ फिल्म प्रदर्शन हुँदैछन् । रिलिज क्यालेन्डरअनुसार प्रत्येक शुक्रबार नयाँ नेपाली फिल्म हलमा आउनेछन् । तर भदौ २६ गते भने एकैदिन चार फिल्म प्रदर्शनमा आउँदा शो बाँडफाँट र दर्शक तान्ने प्रतिस्पर्धा रोचक हुने देखिएको छ ।

भदौ ५ गते प्रियंका कार्कीको निर्माण तथा सुवेन्दु घोषको निर्देशनमा बनेको 'मास्टर्नी' प्रदर्शनमा आउँदैछ । आमा–छोरीको सम्बन्धलाई क्राइम थ्रिलरको शैलीमा प्रस्तुत गरिएको फिल्ममा प्रियंकासहित सिम्रन खड्का, दीपकराज गिरी, दीपाश्री निरौला, सन्दीप क्षेत्री, प्रमोद अग्रहरी र आर्यन सिग्देललगायत कलाकार छन् ।

भदौ १२ गते नीता ढुङ्गानाको निर्देशनमा बनेको 'पार्वती' प्रदर्शन हुनेछ । अटिजम र दिदी–भाइको प्रेममा केन्द्रित फिल्ममा नीता स्वयं र बालगायक अशोक दर्जी मुख्य भूमिकामा छन् । सामाजिक तथा भावनात्मक विषयवस्तुका कारण यो फिल्मप्रति दर्शकको चासो देखिएको छ ।

भदौ १९ गते 'बाः एक योद्धा' र 'ककाकिकी' आमनेसामने हुँदैछन् । बाबुको त्याग र संघर्षको कथा बोकेको 'बाः एक योद्धा'मा दिव्य देव, सुहाना थापा र झरना थापालगायत छन् । त्यही दिन प्रदर्शन हुने 'ककाकिकी'मा कमेडी र सामाजिक विषयलाई मिश्रण गरिएको छ ।


भदौ २६ गते भने 'माया भनेकै यस्तै होला', 'अक्षरा', 'पेन्सनपट्टा' र 'बेहुली'बीच ठूलो भिडन्त हुँदैछ । रेखा थापा निर्देशित 'माया भनेकै यस्तै होला' प्रेम, विवाह र धोकाको कथामा आधारित छ । 'अक्षरा' घरेलु हिंसा र पारिवारिक पीडामाथि केन्द्रित छ । माओत्से गुरुङको 'पेन्सनपट्टा'ले लाहुरे समाज र अवकाशपछिको जीवन प्रस्तुत गर्छ भने 'बेहुली'ले विवाह, संस्कार र त्यससँग जोडिएका उतारचढावलाई पर्दामा उतारेको छ ।

एकै महिनामा आठ फिल्म आउनु नेपाली फिल्म उद्योगका लागि सकारात्मक संकेत हो । तर चार फिल्म एकैदिन जुध्दा हलको शो, प्रचार–प्रसार र दर्शक बाँडिने चुनौती पनि उत्तिकै छ । अन्ततः विषयवस्तु, प्रस्तुति र दर्शकको प्रतिक्रियाले नै यी फिल्मको व्यावसायिक भविष्य निर्धारण गर्नेछ ।




## दैनिक राशिफल

आज मिति २०८३ साल भदौ ०२ गते मंगलबार 18 Aug. 2026 तिथि: षष्ठी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगाना: क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि: ९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
|---|---|---|
| मेष | चु चे लो ला लि लँ ले लो अ | नयाँ अवसर, आत्मविश्वास बढ्ने संकेत। आर्थिक पक्ष बलियो । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | रोकिएका काम अघि बढ्ने । परिवारबाट सहयोग, मनमा उत्साह |
| मिथुन | का कि कु घ ङ छ के को हा | नयाँ भेटघाटले महत्वपूर्ण अवसर । बोलीमा संयमता अपनाउँदा राम्रो हुने । |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | मानसिक शान्ति प्राप्त हुनेछ। नियमित आराम आवश्यक देखिन्छ। |
| सिंह | मा मि मु मे मो टा टि टु टे | नेतृत्व क्षमताले आज प्रशंसा पाउनेछ। आयका नयाँ स्रोतबारे सोच आउने |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | मेहनतको राम्रो परिणाम देखिने । निर्णय गर्दा हतार नगर्नु, लाभ हुनेछ। |
| तुला | | साझेदारीमा नयाँ सम्भावना । प्रियजनसँगको संवादले सम्बन्ध सुदृढ। |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | व्यापारमा लाभ, नयाँ योजना सफल । अनावश्यक खर्च रोके फाइदा । |
| धनु | य यो भा भी भ धा फा ढ भे | आफ्नो प्रतिभा देखाउने अवसर । कामको दबाब बढेपनि सफलता । |
| मकर | | यात्राबाट लाभ मिल्ने, योजना सफल। परिवारमा खुसी, स्वास्थ्यप्रति ध्यान। |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | आर्थिक निर्णयमा सावधानी । नयाँ जिम्मेवारीले प्रतिष्ठा बढ्ने संकेत |
| मीन | दि दु थ झ ञ दे दो चा ची | रचनात्मक काममा सफलता मिल्ने । मित्रबाट सहयोग पाउँदा उत्साह । |

